# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति

सञ्चारग्राम, काठमाडौं

मिति :२०७५/२/३

प्रेस विज्ञप्ति

राष्ट्रिय समाचार समितिका उप-समाचारदाता पूर्णप्रसाद मिश्रमाथि भएको दुर्व्यवहारको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

आज दिउँसो करिब २ बजेर १५ मिनेटमा गोठाटारस्थित बागमती पुल नजिकै भइरहेको बागमती सौन्दर्यीकरणको फोटो खिच्ने क्रममा निर्माण कार्यको फोटो खिच्ने अनुमति कसले दियो भन्दै पत्रकार मिश्रमाथि दुर्व्यवहार गरिएको थियो । आफूलाई कालिका कन्स्ट्रक्सनको मान्छे भन्दै पाँच/सातजनाको संख्यामा रहेको उक्त समूहले उहाँको परिचयपत्र केहीबेर नियन्त्रणमा लिनुका साथै पत्रकार मिश्रको फोटो खिचेर छोडेका थिए ।
जनतालाई सुसूचित गराउने कार्यमा जुटेका पत्रकारलाई पेशागत दुरुत्साहन गर्नु प्रेस स्वतन्त्रतामाथिको नियन्त्रण भएको महासंघको ठहर छ । घटनाको सत्यतथ्य छानबिन गरी घटनाका दोषीमाथि कारबाही गर्नुका साथै पत्रकारको पेशागत सुरक्षाको प्रत्याभूति दिलाउन सम्बन्धित पक्षसँग महासंघ माग गर्दछ ।

प्रकाश थापा

कार्यबाहक महासचिव

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org